# बेनीघाट रोराङ गाउँपालिका

# वार्षिक प्रगति समीक्षा प्रतिवेदन

## आ.व. २०८१।०८२

बेनीघाट रोराङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विशालटार, धादिङ

आज मिति २०८२ भाद्र १६ गते सोमवार यस बेनीघाट रोराङ गाउँपालिका अध्यक्ष श्री कृष्ण बहादुर थपलिया [illegible]ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा आ.व. २०८१/०८२ मा गाउँपालिकाले सम्पादन गरेका [illegible]को बाषिक समीक्षा कार्यक्रम सञ्चालन गरियो ।

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कृष्ण बहादुर थपलिया | अध्यक्ष | |
| २ | श्री टाप बहादुर श्रेष्ठ | उपाध्यक्ष | |
| ३ | श्री राम बाबु पौडेल | प्र.प्र.अधिकृत | |
| ४ | श्री जीवन सिं तामाङ | वडा अध्यक्ष | |
| ५ | श्री हेमराज भुजेल | वडा अध्यक्ष | |
| ६ | श्री भुवन त्रिपाठी | वडा अध्यक्ष | |
| ७ | श्री राजु बहादुर मगर | वडा अध्यक्ष | |
| ८ | श्री रोशन कुमार सिलवाल | वडा अध्यक्ष | |
| ९ | श्री टेक नाथ सिलवाल | वडा अध्यक्ष | |
| १० | श्री कुमार बस्नेत | वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | वडा अध्यक्ष | |
| १२ | श्री देवी बहादुर खड्का | वडा अध्यक्ष | |
| १३ | श्री विकास चेपाङ | वडा अध्यक्ष | |
| | श्री इन्दिरा कडेल | कार्यपालिका सदस्य | |
| | श्री पुष बहादुर वि.क. | दलित महिला सदस्य | |
| | श्री विन्दा मगराती | कार्यपालिका सदस्य | |
| | श्री भिम बहादुर चेपाङ | कार्यपालिका सदस्य | |
| | श्री सुन्तली माया तामाङ | कार्यपालिका सदस्य | |
| | श्री बोधराज पाठक | गाउँ शिक्षा अधिकारी, | |
| | श्री सन्तोस अर्याल | वरिष्ठ लेखा अधिकृत | |
| | श्री परशुराम घिमिरे | शाखा अधिकृत | |
| | श्री रामेश्वर पोखरेल | स्रोत व्यक्ति | |
| | डा. उद्दव थपलिया | अस्पलात प्रमुख | |
| | श्री प्रकाश सिलवाल | इन्जिनियर | |
| | श्री रमेश अर्याल | स्वास्थ्य अधिकृत | |
| | श्री सुमन अधिकारी | सहायक कम्प्युटर अधिकृत | |
| | श्री बिष्णुहरी नहर्की | सहायक कम्प्युटर अधिकृत | |
| | श्री बबिता तमिल्सेना कडेल | सहायक इन्जिनियर | |
| | श्री मिन बहादुर चेपाङ | सहायक इन्जिनियर | |
| | श्री सुदिप भण्डारी | रोजगार संयोजक | |
| | [illegible] मनिषा कडेल | कृषि स्नातक | |

| | | | |
|---|---|---|---|
| ३२ | श्री डिल्लीराम शर्मा | लेखापाल | [signature] |
| ३३ | श्री गणेश प्रसाद भट्ट | हेल्थ असिस्टेण्ट | [signature] |
| ३४ | " मणिराम गुरुङ | ना. पाल्पा | [signature] |
| ३५ | श्री भान बहादुर महरा | अ. हे. व. | [signature] |
| ३६ | " टिका कुमारी घिमिरे | अ. हे. व | [signature] |
| ३७ | " गायत्री बिसुराल | एम. आइ. एस. अपरेटर | [signature] |
| ३८ | " अर्पिता कुमारी श्रेष्ठ | खा. पा. वार्ड | [signature] |
| ३९ | " मान कुमारी श्रेष्ठ | का. स. वडा नं. ८ | [signature] |
| ४० | कृष्ण कुमार उपाध्याय | पि अ हे व | [signature] |
| ४१ | सबिता लम्साल | अ. हे. व. | [signature] |
| ४२ | आशा कुमारी चौधरी | अ. न. मी. | [signature] |
| ४३ | साधना श्रेष्ठ | अ. हे. व. | [signature] |
| ४४ | एलिसा सुनार | जयपुरी स्वा. चौ. इकाई (अ.हे.व) | [signature] |
| | रविन्द्र प्रसाद कडेल | वडा सचिव - ९ | [signature] |
| | सरस्वती वि. क. | वडा सचिव - २ | [signature] |
| | निर्मला भुजेल | वडा सचिव - ७ | [signature] |
| | संगिता थपलिया | वडा सचिव - ६ | [signature] |
| | जुना श्रेष्ठ | कार्यालय सहायक - ९ | [signature] |
| | निरु चेपाङ | वडा सचिव - ५ | [signature] |
| | गोकर्ण अर्याल | वडा सचिव - ६ | [signature] |
| | आरती कुँवर | ना.प्र.स. | [signature] |
| | विकाश खनाल | प्रमुख, कृषि शाखा | [signature] |
| | रिमन गौरे | प्राविधिक सहायक | [signature] |
| | ईश्वर घिमिरे | प्राविधिक | [signature] |
| | निर्जला मगर | उ. वि. स. | [signature] |
| | केशर बि-भुजेल | वडा सचिव | [signature] |
| | बिल नारायण श्रेष्ठ | न. प्र. स. नि. | [signature] |
| | अम्बिका कार्की खनाल | प्रा. स. शिक्षा शाखा | [signature] |
| | रमेश कुमार कडेल | वडा सचिव | [signature] |
| | कुमार चेपाङ | अ.हे.व. गा.स्वा.के. | [signature] |
| | सुशील बस्नेत | स्था.पा. बोर्ड लेखापाल | [signature] |
| | गणेश कडेल | स्था.पा. बोर्ड, इन्जिनियर | [signature] |
| | जितेन्द्र कुमार श्रेष्ठ | अमिन | [signature] |
| | लक्ष्मी थापा | वडा सचिव १० नं. | [signature] |

| | | |
|---|---|---|
| सितामाया चौधरी | पशु स्वास्थ्य प्राविधिक | Sita |
| सोनाली कर्ण | पशु सेवा प्राविधिक | |
| मनकला थपलिया | स. पाँचौं | मनकला |
| सरिस्मा बिसुराल | न्यायिक सहजकर्ता | |
| निर्जला मगर | उ.वि.स | |
| सुशिला गिरी | स.क.अ. | |
| शुक्ला कुमारी शाही | अ.हे.व | |
| सानुमाया सिलवाल | | सानुमाया |
| कल्पना पोख्रेल | | |
| सूर्य बहादुर पोख्रेल | | सूर्य |
| अञ्जन प्रजा | का.स | Anjan |
| अर्जुन तामाङ | का.स | Arjun |
| सानु श्रेष्ठ | " | Sanu |
| यम ब. तामाङ | " | यम |
| दिपेन्द्र सिलवाल | " | |
| यम कुमारी श्रेष्ठ | " | यम कुमारी |
| दिनेश खामी | " | Dinesh |
| लिला ब. बस्नेत | " | लिला. |
| गोमा पोखरेल | " | Goma |
| रेखा सिं ठकुरी | " | Rekha |
| किशोर अधिकारी | अ.हे.व. पाँचौं | Kishor |
| एलिसा लुनार | " | Alisha |
| सानु माया श्रेष्ठ | | सानु |
| शान्ती श्रेष्ठ | " | Shanti |
| अर्जुन अर्याल | " | Arjun |
| दुर्गा चेपाङ | " | Durga |
| ओम माया ढलान | " | Om Maya |
| सुमना गुरुङ | " | Suman |
| दिपा शाही ठकुरी | " | |
| गणेश कडेल | ड्राइभर | Ganesh |
| गणेश कडेल | ड्र. | |
| राजु लोहनी | ड्राइभर | |
| महेश कडेल | ड्राइभर | |
| सूर्य खनालकोटी | ड्राइभर | सूर्य |

आज मिति २०८२ भाद्र ३१ गते बिहान ९.०० बजे यस बेनीघाट रोराङ गाउँपालिका अध्यक्ष श्री कृष्ण बहादुर थपलिया (विवेक) ज्यूको अध्यक्षतामा बेनीघाट रोराङ गाउँपालिका कार्यपालिकाको बैठक वसि निम्न निर्णय गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| १. | अध्यक्ष | श्री कृष्ण बहादुर थपलिया (विवेक) |
| २. | उपाध्यक्ष | श्री टाप बहादुर श्रेष्ठ |
| ३. | वडा अध्यक्ष | श्री जिवन सिं तामाङ |
| ४. | वडा अध्यक्ष | श्री हेमराज भुजेल |
| ५. | वडा अध्यक्ष | श्री भुवन त्रिपाठी |
| ६. | वडा अध्यक्ष | श्री राजु बहादुर मगर |
| ७. | वडा अध्यक्ष | श्री रोशन कुमार सिलवाल |
| ८. | वडा अध्यक्ष | श्री टेकनाथ सिल्वाल |
| ९. | वडा अध्यक्ष | श्री कुमार वस्नेत |
| १०. | वडा अध्यक्ष | श्री राज कुमार श्रेष्ठ |
| ११. | वडा अध्यक्ष | श्री देवि बहादुर खड्का |
| १२. | वडा अध्यक्ष | श्री विकास चेपाङ |
| १३. | कार्यपालिका सदस्य | श्री इन्दिरा कडेल |
| १४. | कार्यपालिका सदस्य | श्री पुष बहादुर वि.क. |
| १५. | कार्यपालिका सदस्य | श्री विन्दा मगराती |
| १६. | कार्यपालिका सदस्य | श्री भिम बहादुर प्रजा |
| १७. | कार्यपालिका सदस्य | श्री राम मायाँ चेपाङ |
| १८. | कार्यपालिका सदस्य | श्री सुन्तली मायाँ तामाङ |
| १९. | सदस्य सचिव (प्र.प्र.अ.) | श्री रामबाबु पौडेल |

आमन्त्रित

| | |
|---|---|
| १. शिक्षा अधिकृत | श्री बोधराज पाठक |
| २. शाखा अधिकृत | श्री परशुराम घिमिरे |
| ४. इन्जिनियर | श्री प्रकाश सिलवाल |
| ५. लेखापाल | श्री डिल्लीराम शर्मा |

निर्णय नं. २२

यस बेनीघाट रोराङ गाउँपालिकाको कार्यपालिका, वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरु समेतबाट आ.व. २०८१/०८२ मा सम्पादित कार्यहरुको बार्षिक समीक्षा मिति २०८२/०५/१६ गते सम्पन्न भएकोले बार्षिक समीक्षा प्रतिवेदन सार्वजनिक गर्ने निर्णय गरियो ।

# आ.व. २०८१/०८२ को बार्षिक प्रगति समिक्षा प्रतिवेदन

१. स्थानीय तहको नामः  बेनीघाट रोराङ गाउँपालिका

२. परिचयः बेनीघाट रोराङ गाउँपालिका २७° ८०' ८३" अक्षाश र ८४° ७६'९१" देशान्तरमा मध्य पहाडी क्षेत्रको नदी तटिय वेसी देखि महाभारत पर्वतको सेरोफेरोलाई समेटेको, समथरफाँट देखि भिरालो र चट्टानी भूवनावटले बनेको, थुप्रै प्राकृतिक मनोरम दृश्यहरुले भरिएको गाउँपालिका हो। साविक महादेवस्थान, बेनीघाट, धुषा र जोगिमारा गाउँ विकास समिति मिलेर गठन भएको बेनीघाट रोराङ गाउँपालिकाको पूर्वमा धादिङ जिल्लाको गजुरी गाउँपालिका, पश्चिमममा चितवन जिल्लाको इच्छाकामना गाउँपालिका तथा कालिका नगरपालिका, उत्तरमा धादिङ जिल्लाको सिद्धलेक गाउँपालिका तथा गोरखा जिल्लाको गण्डकी गाउँपालिका र दक्षिणमा चितवन जिल्लाको रासी नगरपालिका, मकवानपुर जिल्लाको राक्सिराङ र कैलाश गाउपालिका पर्दछन। १० वटा वडामा विभाजित गरिएको यस गाउँपालिकाको क्षेत्रफल २०६.५३ वर्ग कि.मि. रहेको छ। राष्ट्रिय जनगणना २०७८ कुल घरधुरी संख्या ७६०१, जनसंख्या ३३८५४ रहेको यस गाउँपालिकामा सिमान्तकृत चेपाङ समुदायको वाहुल्यता रहेको छ।

३. स्थानीय तहले विगत ५ वर्षमा अख्तियार गरेका प्रमुख नीति तथा कार्यक्रमः

१. गाउँपालिकामा सर्वसुलभ स्वास्थ्य सेवाको विकास र विस्तार, कुपोषणको अन्त्यका लागि विभिन्न कार्यक्रम सञ्चालन।

२. गुणस्तरीय आधारभूत तथा माध्यमिक शिक्षामा सबैको पहुँच वृद्धि गर्नका लागि एकिकृत आवासीय छात्रावास निर्माण, विद्यालय पूर्वाधार विकास, शिक्षक कर्मचारीको क्षमता विकासका लागि विभिन्न कार्यक्रम व्यवस्था।

३. महिलाहरुको क्षमता विकास गरी लघु तथा घरेलु उद्योगको माध्यमबाट आयआर्जन सुधारका कार्यक्रम सञ्चालन।

४. महिला सशक्तिकरणका लागि गृहिणी महिलाहरुमा जनचेतना अभिवृद्धि तथा आयआर्जन कार्यक्रम सञ्चालन।

५. खानेपानी बोर्ड मार्फत स्वच्छ खानेपानीका लागि खानेपानी मुहानहरु पहिचान, संरक्षण र संवर्द्धन गरी सबै घरमा एक घर एक धारा निर्माणका कार्यक्रम।

६. व्यवस्थित सडक सञ्जाल, गाउँपालिकाको केन्द्रबाट बाह्रै महिना चल्ने व्यवस्थित सडक निर्माणलाई विकासको मुख्य आधारशीला मानी निरन्तरता दिइने

७. आधुनिक बाख्रा फर्म स्थापना तथा सञ्चालनका साथै समुदायमा पशुपंक्षि पालन सम्वन्धि तालिम सञ्चालन तथा विउँपूजिं हस्तान्तरण।

उन्नत कृषि व्यवसायमा अग्रसर युवा, महिला, दलित जनजाति तथा पछाडि परेको वर्गका लागि

८. सीप, उन्नत वीउ, कृषि औजार, सहयोग गरी कृषि तथा पशुपालन क्षेत्रको विकास र विस्तार।

९. गाउँपालिका भित्रका सहकारी सस्थाहरुको सवलिकरणका लागि क्षेत्रगत विभाजन तथा एकिकरण अभियान सञ्चालन।

१०. व्यवसाय दर्ता, अनुगमन तथा नियमन।

११. पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि।

१२. सहज र सर्वसुलभ न्यायिक कार्य सम्पादन तथा जनचेतना अभिवृद्धि।

१३. एकिकृत घुम्ति सेवा कार्यक्रम सञ्चालन।

१४. मितव्ययी र पारदर्शीता सहित सहज र सर्वसुलभ रुपमा गुणस्तरीय सेवा प्रवाह।

## ५. (क) आ.व. २०८१/०८२ को आय व्यय विवरण (बजेट)

| बजेट विवरण | विनियोजित वजेट रु. | खर्च भएको रकम रु. | खर्चको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| पुजिगत तर्फ | ३१,८८,२७,०२१ | २६,५४,२३,०९७ | ८३.२५ | |
| चालुतर्फ | ५०,८९,०६,००० | ४२,३२,९१,८३३.२० | ८३.१८ | |
| जम्मा | ८२,७७,३३,०२१ | ६८,८७,१४,९३०.२० | ८३.२ | |

## ५. (ख) आ.व. २०८१/०८२ को आय व्यय विवरण

| क्र.सं. | स्रोतको किसिम | संघबाट | | प्रदेशबाट | | जम्मा अनुदान |
|---|---|---|---|---|---|---|
| | | बजेट | यथार्थ खर्च | बजेट | यथार्थ खर्च | |
| १. | समानीकरण अनुदान | १५,०९,००,००० | १३,८४,६५,५४० | १,६१,०५,००० | १,६१,०५,००० | ३२,१५,७५,८४० |
| २. | सशर्त अनुदान (चालु) | २७,५२,६९,००० | ४,९३,७१,९३५ | १,९९,००,००० | १,२४,४८,७०६ | ३५,६९,८९,६४१ |
| ३. | सशर्त अनुदान (पुजिगत) | ५५,००,००० | ४३,३३,४३९ | १,०१,६०,००० | ७१,११,३३१ | २,७१,०४,७७० |
| ४. | समपुरक अनुदान | - | - | १,६९,५०,००० | १,०२,८२,४३० | २,७२,३२,४३० |
| ५. | विशेष अनुदान | २,८०,००,००० | २,७०,७१,२४८ | ३,५०,००० | ३७,५०,००० | ५,९१,७१,२४८ |
| ६. | राजश्व बाँडफाँड | १७,५५,७९,०२१ | ५,५३,०६,५७९.५२ | - | - | २३,०८,८५,६०० |
| | जम्मा | ६३,५२,४८,०२१ | २७,४५,४९,०४१.५२ | ६,३४,६५,००० | ४,९६,९७,४६७ | १,०२,२९,५९,५२९ |

### ४. (ग) विगत ५ वर्षको आन्तरीक आय र राजश्वको अवस्था शिर्षकगत

| सि. नं. | प्रमुख स्रोत | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
|---|---|---|---|---|---|---|
| १. | सम्पत्ती कर | २२,८९,४८९ | १०,४३,७६५ | १८,४३,९३५ | ५२,३५,०९९ | ५,९९,२७० |
| २. | भूमि कर (मालपोत) | १,०५,८२५ | १,००,१२,३५ | ४,५३,८७७ | १,२०० | ३४५ |
| ३. | व्यवसाय कर | २७,२६,७८० | १६,८६,५२९ | २१,७६,८३१ | १९,५७,७०० | १५,५८,६४० |
| ४. | घरबहाल कर | १२,६३,७८७ | ११,५०,९७९ | १७,३९,१९९ | १८,५६,८०३ | ४,१३,३९४.३९ |
| ५. | विज्ञापन कर | - | - | ८,२५,००० | ९,०७,४४६ | १६,६३,७५० |
| ६. | बहाल विटौरी कर | ३,२३,८३८ | | ४२,७२५ | १,७५,९८० | ६६,६०० |
| ९. | वहाल बिटौरी कर | | | ३,२३,८३८ | | |
| १०. | पुर्वाधार सेवाको उपयोग कर | - | - | ३६,५४,००० | २९,२४,२९३ | ४३,२७,२९५ |
| ११. | दस्तुर (सिफारिश, प्रमाणित नक्सा पास आदि) | १३,२८,७९० | २२,५८,०४८ | ६४,२७,८७१ | ८,८६,३०९ | ८,८२,०१५.३४ |
| १२. | विक्री (गिटी, ढुङ्गा, बालुवा तथा अन्य सम्पत्ति विक्री) | ५,७८,७५० | - | १,१०,८१,६७५ | १,१७,५२,७९९ | २५,७७,८६९.७५ |
| १३. | अन्य (वातावरण तथा सरसफाई शुल्क) | ४२,६०,५३५ | ७८,९३,७२२ | २३,१६,५६४ | ४,५१,१२१ | ७१,१८,५०६ |
| १४. | गत अल्या | २,२२,९०,०२८ | २,६८,५२,७०६ | ७,१७,८३,९९२ | १०,८८,९४,०३५ | ७,६९,०९,३७६.७२ |
| जम्मा | | २,८४,५८,१०३ | ३,७०,०४,४७६ | ८,२८,६५,६६७ | १२,१९,८४,२६४ | ८,७४,८७,७६८ |

### ५. आ.व. २०७९/०८० को लागतको आधारमा क्षेत्रगत योजना प्रगती

| क्षेत्र | रु १ लाख सम्मका योजना /कार्यक्रम | | ५ लाख सम्मका योजना/कार्यक्रम | | १० लाख सम्मका योजना/कार्यक्रम | | ५० लाख सम्मका योजना/कार्यक्रम | | रु ५० लाख माथिका योजना /कार्यक्रम | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | खर्च रकम | संख्या | खर्च रकम | संख्या | खर्च रकम | संख्या | खर्च रकम | संख्या | खर्च रकम | संख्या | खर्च रकम |
| [partially cut] थिक बिकास | १७ | १७००००० | ४५ | १४३८७२७६ | ६ | ४८४००० | ३ | ६४००००० | - | - | ७१ | २२९७१२७६ |
| [partially cut] माजिक बिकास | २१ | २०००००० | ७३ | २३४८५००० | ५ | ४३००००० | ४ | ६८६००००० | - | - | १०३ | ९८३८५००० |
| [partially cut] धार बिकास | ३० | २७९०००० | १३२ | ४३०८८०६० | २७ | २२४९४६७८ | १५ | २७३३६७३२ | ७ | ४४९७०७१८ | २११ | १४०६८०१८८ |
| वातावरण तथा [partially cut] व्यवस्थापन | २ | १८५८१४ | ५ | १२४७७६८ | १ | ५८२००० | | | | | ८ | २०१५५८२ |
| [partially cut] गत विकास | - | - | 2 | ६००००० | - | - | - | - | - | - | २ | ६००००० |
| जम्मा | ७० | ६६७५८१४ | २५७ | ८२८०८१०४ | ३९ | २३१७५५१४ | २२ | १०२३३६३३२ | ७ | ४४९७०७१८ | ३९५ | २६४६५२०४६ |

## ७. सामाजिक सुरक्षा, लाभग्राहिको विवरण र वितरणको अवस्थाः

| पहिलो त्रैमासिक | | | | दोस्रो त्रैमासिक | | | | तेस्रो त्रैमासिक | | | | चौथो त्रैमासिक | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कायम सङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम सङ्ख्या | रकम | वितरणगरे कोसंङ्ख्या | वितरण गरेको रकम |
| २०९४ | २४८१५७५३ | २०९४ | २४८१५७५३ | २११२ | २५१६५८८५ | २११२ | २५१६५८८५ | २१२२ | २५२२५३६५ | २१२१ | २५२१३३६५ | २१३८ | २५५११२२२ | २१३८ | २५५११२२२ |
| १३५ | १०६४००० | १३५ | १०६४००० | १४० | १०९८५८० | १४० | १०९८५८० | १३८ | १०९३२६० | १३८ | १०९३२६० | १४० | १०८७९४० | १४० | १०८७९४० |
| १५४ | १२२८९२० | १५४ | १२२८९२० | १५४ | १२२८९२० | १५४ | १२२८९२० | १४३ | ११४११४० | १४३ | ११४११४० | १३२ | १०५३३६० | १३२ | १०५३३६० |
| ३६४ | २८५६८४० | ३६४ | २८५६८४० | ३७२ | २९४७२८० | ३७२ | २९४७२८० | ३९० | ३०८२९४० | ३९० | ३०८२९४० | ३९७ | ३१३८८०० | ३९७ | ३१३८८०० |
| ९२ | ११०१२४० | ९२ | ११०१२४० | ९२ | १०९७२५० | ९२ | १०९७२५० | ९३ | १०९४२९० | ९३ | १०९४२९० | ९१ | १०८९२७० | ९० | १०७७३०० |
| १४५ | ९२५६८० | १४५ | ९२५६८० | १४७ | ९३६३२० | १४७ | ९३६३२० | १४८ | ९३४३३४ | १४८ | ९३४३३४ | १४४ | ९१७१६८ | १४४ | ९१७१६८ |
| २३२ | ३६३७३९ | २३२ | ३६३७३९ | २३४ | ३६४६५३ | २३४ | ३६४६५३ | २३७ | ३६३२६२ | २३७ | ३६३२६२ | २३८ | ३६४०९६ | २३८ | ३६४०९६ |
| ३२१६ | ३२३५६१७२ | ३२१६ | ३२३५६१७२ | ३२५१ | ३२८३८८८८ | ३२५१ | ३२८३८८८८ | ३२७१ | ३२९३४५९१ | ३२७० | ३२९२२५९१ | ३२८० | ३३१६१८५६ | ३२७९ | ३३१४९८८६ |

## ७. व्यवसाय तथा संस्था दर्ता नवीकरण

| व्यवसाय दर्ता | व्यवसाय नवीकरण | व्यवसाय खारेजी | निर्माण व्यवसाय (घ) वर्ग दर्ता | निर्माण व्यवसाय (घ) वर्ग नवीकरण | खानेपानी उपभोक्ता समिति दर्ता | पोषण समूह दर्ता | पोषण समूह नवीकरण | पोषण समूह खारेजी | संस्था दर्ता | संस्था नवीकरण | संस्था खारेजी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३६३ | | १४ | ३५ | | ३४ | ४४ | | | ९० | | |
| १०४ | | २९ | ३ | | ६ | ८ | | ६ | ३३ | | ६ |
| १०४ | ३० | २९ | ३ | २५ | ६ | ८ | ८ | ६ | ३३ | २३ | ६ |
| १५७१ | ३०० | ७२ | ४१ | २५ | ४३ | ६० | ८ | १२ | १५६ | २३ | १२ |

८. स्थानीय तहको प्रशासनिक भवनको अवस्थाः भवन निर्माणाधिन रहेको हाल भाडाको भवनबाट कार्य सञ्चालन भै रहेको।

९. जनशक्तिको विवरणः

क. संगठन संरचना



| क्र.सं. | तह | कार्यपालिका तथा वडा कार्यालय | | | स्वास्थ्य संस्थाहरु | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत दरबन्दी | स्थायी | करार कार्यक्रम समेत | स्वीकृत दरबन्दी | स्थायी | करार | | |
| १. | अधिकृतस्तर | १५ | ९ | ३ | ५ | ३ | १ | १६ | |
| २. | सहायकस्तर | १६ | १७ | १८ | १८ | १० | २९ | ७४ | |
| ३. | सहयोगीस्तर | ३१ | १ | २१ | १२ | १ | १४ | ३७ | |
| जम्मा | | ९२ | २७ | ४२ | ५५ | १४ | ४४ | १२७ | |

१०. विपद व्यवस्थापनः

(क) जोखिम न्यूनीकरणका उपायहरु अवलम्वन, विपद जोखिम क्षेत्रहरुमा तटवन्ध निर्माण, वृक्षारोपण, साझेदारीमा दमकल खरिद, विपद उद्धार सामग्री ब्यवस्थापन, विपदमा परेका परिवारलाई राहत सहयोग।

११. बेरुजु फछ्यौटको अवस्थाः

(क) आ.व. २०७८/०७९ सम्मको बेरुजु रकम रु. ४४,३०,०००

(ख) आ.व. २०७९/०८० को बेरुजु रकम रु. ०

(ग) आ.व. २०८०/०८१ मा बेरुजु रकम रु. ७३,८७,२८६

(घ) हाल सम्म कायम रहेको वेरुजु रकम रु. १,१८,१७,२८६

(ङ) असुल गर्नुपर्ने बेरुजु रकम रु. ०

१२. आ.व. २०८१/०८२ मा परेका उजुरी र गुनासो फछ्यौटको अवस्थाः

| विवरण | संख्या | कारवाही भएको संख्या | फछ्यौट भएको संख्या |
|---|---|---|---|
| अ.दु.अ.आ.बाट प्राप्त उजुरी | २ | २ | २ |
| अन्य निकाय वा व्यक्तिवाट प्राप्त उजुरी/गुनासो | २ | १ | १ |
| जम्मा | ४ | ३ | ३ |

१३. न्यायिक समितिमा परेका उजुरी र फरफारकको अवस्थाः

क. आ.व. २०८१/०८२ मा परेका जम्मा उजुरी संख्याः २१

ख. आ.व. २०८१/०८२ मा फछ्यौट भएका उजुरी संख्याः १६

ग. हालसम्म दर्ता भएका जम्मा उजुरी संख्याः १९९

घ. हालसम्म फछ्यौट भएका जम्मा उजुरी संख्याः १८३

१४. हालसम्म स्वीकृत भएका कानूनहरुको विवरणः

| ऐन | नियमावली | कार्यविधि | निर्देशिका | मापदण्ड | अन्य कानुन |
|---|---|---|---|---|---|
| २६ | ५ | ४४ | ८ | २ | ७ |

१५. हासिल भएका मुख्य मुख्य उपलब्धी/असल अभ्यासहरुको विवरण:

१. कुपोषण रहित गाउँपालिका निर्माणका लागि पोषण सुधार गृह स्थापना तथा सञ्चालन गर्नुका साथै नागरिकमा सर्बसुलभ स्वास्थ्य सेवाको लागि सेवा केन्द्र विस्तार, जनशक्ति थप, कर्मचारीको क्षमता अभिवृद्धि।

२. गुणस्तरीय आधारभूत तथा माध्यमिक शिक्षाको लागि एकिकृत आवाशीय छात्रवास निर्माण, बिद्यालय पूर्वाधार विकास, प्रविधि हस्तान्तरण, थप दरवन्दी ब्यवस्था, वालविकास केन्द्र विस्तार र तालिमको व्यवस्था।

३. निशुल्क तथा अनिवार्य आधारभूत तथा माध्यमिक शिक्षा घोषणा।

४. खानेपानी ब्यवस्थापन बोर्ड गठन गरी बोर्ड मार्फत वडाभित्र रहेका खानेपानी मुहानहरु पहिचान, संरक्षण र संवर्द्धन गरी सबै घरमा एक घर–एक धारा पुऱ्याउने नीति अवलम्बन।

५. कृषि तथा पशु सेवा केन्द्र मार्फतउन्नत कृषि व्यवसायमा अग्रसर युवा, महिला, दलित जनजाति तथा पछाडि परेको वर्गका लागि उन्नत वीउ, कृषि औजार, रासायनिक मल, सहुलियत कर्जाको पहुँच सहज र सरल वनाई उन्नत कृषि प्रविधि प्रबर्द्धन।

६. गृहिणी महिलाको आयआर्जन सुधारका लागि क्षमता विकास तालिमका साथै प्रविधि तथा बिउँपूजी हस्तान्तरण।

७. व्यवस्थित सडक सञ्जाल, गाउँपालिकाको केन्द्रबाट बाह्रै महिना चल्ने व्यवस्थित सडक निर्माणलाई विकासको मुख्य आधारशीला मानी निरन्तरता।

८. सामुदायिक कुकुरहरुको स्थायी वन्ध्याकरण तथा भ्याक्सिनेसन कार्यक्रम सञ्चालन।

९. सहिद तथा वेपत्ता परिवार आयआर्जन कार्यक्रम।

१०.अपाङ्गता भएका नागरिकको आयआर्जन सुधार कार्यक्रम।

११.जेष्ठ नागरिक सम्मान तथा घरदैलो स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन।

१२.छिमेकी गाउँपालिका संग सहकार्यमा विपद उद्धार कार्यको लागि दमकल खरिद।

१३.गाउँपालिका भित्रका सहकारी सस्थाहरुको सवलिकरणका लागि क्षेत्रगत विभाजन तथा एकिकरण अभियान सञ्चालन।

१४.गाउँपालिका क्षेत्रका जग्गाहरुको बर्गिकरण।

१५.एकिकृत घुम्ति सेवा कार्यक्रम सञ्चालन।

शाखागत प्रगती प्रतिवेदन आ.व. २०८१।०८२ को यस बेनीघाट रोराङ गाउँपालिकाबाट सम्पादित मुख्य गतिविधिहरु तथा हासिल गरिएको उपलब्धी सारांशमा तपसिल बमोजिम प्रस्तुत गरि समिक्षा गरियो।

**शिक्षा, युवा तथा खेलकुद शाखाबाट सम्पादित मुख्य गतिविधि तथा उपलब्धिहरु**

- गाउँपालिकाको स्रोतबाट दरबन्दी सृजना।
- विद्यालय समायोजन, दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन।
- शैक्षिक विकासको लागि ८८ बुँदे साझा मार्गचित्र निर्माण।
- गाउँपालिका र सम्पूर्ण प्र.अ. हरु बीच कार्य सम्पादन करार सम्झौता।
- कक्षा ८ सम्म स्थानीय पाठ्यक्रम कार्यान्वयन साथै स्थानीय पाठ्य तथा कार्यपुस्तक र सन्दर्भ सामग्री लागू गरिएको।
- बालविकास शिक्षक कार्यालय सहयोगी र लेखापालहरुका लागि पारिश्रमिक थप।
- वडा स्तरीय यूवा तथा खेलकुद विकास समिति गठन र परिचालन। पालिकास्तरमा गठन गर्ने तयारी।
- वडास्तरीय बाल क्लव सञ्जाल गठन गरिएको। बालमैत्री स्थानीय तह घोषणाको तयारी।
- १५ विद्यालयमा MGML पद्दतिबाट कक्षा सञ्चालन। विस्तार गरिंदै।
- प्रविधिमैत्री विद्यालयको अवधारणा लागू गरिएको। लगातार ३ बर्ष विशेष अनुदान प्राप्त।
- अनिबार्य तथा निशुल्क शिक्षा लागू भएको पालिका घोषणा र कार्यान्वयन।
- शिक्षकहरु र विद्यालयको डिजिटल अभिलेखन शुरु गरिएको।
- शिक्षक डायरीको प्रबन्ध।
- प्र.अ हरुको अवलोकन अध्ययन भ्रमण आयोजना गर्ने गरिएको।
- सबै माविहरुमा विज्ञान, आइसिटी र पुस्तकालय स्थापना गरिएको।
- सबै शिक्षकहरु र विद्यार्थीहरुबाट लक्ष्य निर्धारण।
- शिक्षकको पेशागत विकास गर्ने हेतु Team Supervision को कार्यलाई मूर्त रुप दिइएको।
- अनुभव आदानप्रदान मार्फत विद्यालय र शिक्षकको विकास गर्ने हिसाबले पालिका भित्रका विद्यालय आन्तरिक भ्रमण गर्ने गरिएको।
- पञ्चबर्षीय गाउँ शिक्षा योजना तथा गाउँ शिक्षा ऐन निर्माण र कार्यान्वयन।
- विद्यालय स्वः बाह्य मूल्यांकन औजार कार्यान्वयन तथा विद्यालय ग्रेडिङ कार्यक्रम।
- ५ वटा मूख्य विषयहरुको पालिकास्तरमा विषयगत समिति गठन र परिचालन।
- बाल विकास शिक्षकलाई आवसीय मन्टेश्वोरी तालिम प्रदान।
- अध्यक्षसँग अभिभावक कार्यक्रम। टोलटोलमा अभिभावक शिक्षाः घर घरमा समिक्षा
- वडा शिक्षा समितिको गठन र परिचालनः ७ सदस्यीय। वडा अध्यक्ष यसको संयोजक।
- नतिजाका आधारमा शिक्षक सम्मान कार्यक्रम। Mission to more than 3.6 GPA
- शिक्षक तथा विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम
- सिकाइ सुधारका लागि मेरो कार्ययोजना नामक शैक्षिक सम्मेलन। २१ बुँदे प्रतिबद्धता हस्तान्तरण।
- विद्यालय फूलबारी तथा करेसाबारी प्रबर्धन कार्यक्रमको सुरुवात गरिएको

- लामो समय शिक्षक रिक्तताको अन्त्य गर्न शिक्षक बैंकको स्थापना
- सिकाइ आदान प्रदान मार्फत सिकाइ उपलब्धीमा बढोत्तरी ल्याउन Teacher Exchange कार्यक्रमको शुरुवात
- विद्यार्थी लगबुकको व्यवस्था मिलाइएको
- एकीकृत आवाशीय विद्यालयको स्थापना। एक वडा एक आवासको अवधारणा
- भावी पुस्तालाई वहार- बर्तमान पुस्ताबाट उपहार कार्यक्रम
- बेनीघाट रोराङको इच्छा- छोरी बुहारीलाई शिक्षा कार्यक्रम कार्यान्वयनको चरणमा
- बेकारबाट आविष्कार - फूलदानी, कलमदानी, मुडा, पिङ, माला, फूल
- बेनीघाट रोराङ प्रज्ञा प्रतिष्ठान ऐन २०८१ जारी
- बर्षैपिच्छे शैक्षिक बुलेटिन तथा क्यालेण्डर प्रकाशन
- प्राबिधिक छात्रबृति कार्यक्रम। एमविविएस ५० हजार इञ्जिनियर ३० हजार र अन्य प्राविधिकलाई २० हजार
- बेनीघाट रोराङले शैक्षिक बर्ष २०८२ लाई 5 R को बर्ष भनेको छ।
- Reporting, Record Keeping, Retention, Relation Build up, Reform of learning
- शिक्षाको लागि भिक्षा अभियानः श्रीमद् भागवतको माध्यमले। ऐन नै जारी गरिएको। करिब ६ करोड।
- द्रुत परीक्षा द्रुत नतिजा र द्रुत पृष्ठपोषण कार्यक्रम।
- विद्यार्थी र शिक्षकहरुबाट बार्षिक लक्ष्य निर्धारण।
- लिडर फिडर विद्यालयको अवधारणा कार्यान्वयन।
- प्रसुति सट्टा शिक्षकको प्रबन्ध।
- शैक्षिक बहसको स्थलको रुपमा Rorang Education Talk
- सूचना आदान प्रदानको लागि प्रअहरुको छुट्टै मेसेन्जर ग्रुप
- शिक्षा समितिका पदाधिकारीहरु बीच विद्यालय अनुगमनको बाँडफाँड
- सम्पर्क बृक्षको स्थापनाः एउटा विद्यालयलाई फोन गरेपछि ७८ मा पुग्ने प्रबन्ध
- गापा स्तरीय परीक्षा समिति गठन र परिचालन
- बुलन्द लिडर खोजी अभियानः बिद्यार्थीहरुमा बोल्ने कलाको लागि तालिम प्रदान
- स्थानीय जनशक्ति उत्पादन गर्ने भन्ने हेतुले निशुल्क शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन
- घुम्ती प्रधानाध्यापक बैठक।
- अपांगताको प्रारम्भिक पहिचान भएका बालबालिकाहरुका लागि स्वास्थय शीविर ञ्चालन।
- ५० प्रतिशत भन्दा कम सिकाइ उपलब्धी ल्याउने शिक्षकलाई सरुवा सहमती नदिने निति अबलम्बन।
- सामुदायिक र संस्थागत विद्यालयहरु बीच अनुभव आदान प्रदान कार्यक्रम।
- विद्यालय जन्मोत्सब कोष, पूर्व विद्यार्थी मञ्च, अक्षय कोष गठन अभियान।
- बेनीघाट रोराङ शिक्षा पुरस्कार स्थापना

<u>स्वस्थ्य शाखाबाट सम्पादित मुख्य गतिविधि तथा उपलब्धिहरु</u>

- डिजिटलाईजेसन गर्न स्वास्थ्य संस्था प्रमुखहरुलाई eHmis सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न।
- डेंगु रोग सम्बन्धि अभिमुखीकरण कार्यक्रम संचालन गरि खोज र नष्ट गर अभियान वडागत रुपमा संचलन गरिएको।
- आ.व. २०८१/०८२ को गाउँपालिकाको स्वास्थ्य तर्फको कार्यक्रमको बार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरिएको।
- राष्ट्रिय एच पि भि खोप अभियान संचालनको बेनीघाट रोराङ गाउँपालिका भित्र कार्यरत स्वास्थ्यकर्मीहरुलाई खोप सम्बन्धि एक दिने तालिम तथा जनप्रतिनिधि र सरोकारवालाहरुलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको।
- स्वास्थ्य संस्थाहरुको नियमित बैठक तथा डाटा भेरीफिकेशन कार्यक्रम सम्पन्न।
- ३९ वटै आमा समुहहरु पुनर्गठन साथै अभिमुखीकरण कार्यक्रम सम्पन्न।
- १८ हप्तादेखि २२ हप्ता सम्मका ८१ जना गर्भवतीहरुको लागि निःशुल्क एनामली स्क्यान सेवा प्रदान गरीएको।
- प्रशुती सेवामा कार्यरत नर्सिङ कर्मचारीहरुको लागि ३ दिने अनसाइट कोचीङ कार्यक्रम सम्पन्न।
- सन्तानको रहर पुरा भएको दम्पतीलाई भ्यासेक्टोमी तथा मिनिल्याप शिविर सम्पन्न। १९ जनालाई सेवा प्राप्त गरेका छन।
- स्वास्थ्यकर्मी तथा भेटेनरी स्वास्थ्य प्राबिधिकहरुलाई प्रतिजैबिक प्रतिरोध सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न।
- ४ वटा स्वास्थ्य संस्थाहरुको सामाजिक लेखा परीक्षण गरि प्रतिवेदन प्रस्तुत कार्यक्रम सम्पन्न।
- १० वटा स्वास्थ्य संस्थाहरुमा न्यूनतम सेवा मापदण्ड कार्यक्रम सम्पन्न।
- मिति २०८१/०१/३० गते बेनीघाट रोराङ गाउँपालिका भित्र रहेका ५ बर्ष मूनिका बालबालिकाहरु राष्ट्रिय खोप तालिकानुसार खोप लगाउनु पर्ने कुनै पनि बालबालिकाहरु छुट नभएको जिल्ला खोप समन्वय समितिको अनुमति पश्चात बेनीघाट रोराङ गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा सम्पन्न।
- मिति २०८२/०३/९ गते देखि २०८२/०३/१८ सम्म नव नियुक्त महिला सामुदायिक स्वास्थ्य स्वयंम सेविकाहरुलाई आधारभुत तालिम सम्पन्न।
- ७५३ स्थानीय तह मध्ये पहिलो पोषण सुधार केन्द्र स्थापना गरि संचालनमा रहेको आ.व.२०८१/८२ मा २६ जना कुपोषित बालबालिकाहरुको निःशुल्क उपचार भई घर फिर्ता पठाईएको।
- स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाहरुको लागि न्यानो झोला साथै थप कपडा निरन्तर
- सबै बर्थिङ सेन्टरमा सुत्केरी सेवाग्राहीहरूलाई प्रतिक्षालयको व्यवस्थापन गरि निःशुल्क खाने बस्ने ब्यवस्था गरि संस्थगत सुत्केरी दरमा बृद्धि गर्न निरन्तर।
- सबै बर्थिङ सेन्टरमा व्याकअप तथा नवजात शिशुलाई सिताङ्गबाट बचाउन बेबी वार्मरको व्यवस्थापन गरिएको छ।
- कोभिड खोप कार्यक्रम निरन्तर संञ्चालन।

- महादेस्थान स्वास्थ्य चौकी, चरौदी आधारभत स्वास्थ्य सेवा केन्द्र, जोगिमारा स्वास्थ्य चौकी र बेनीघाट आधारभुत अस्पतालमा ल्याब सेवा संचालन गरि गर्भवती महिलाहरुलाई निःशुल्क ल्याव सेवा प्रदान गरिएको छ।
- गर्भवति महिलाले भिडियो एक्सरे कार्यक्रम ३/३ महिनामा सवै वडाको स्वास्थ्य संस्थाबाट निरन्तर सेवा प्रदान गर्ने कार्यक्रम निरन्तर रहेको छ।
- आमा समुहहरुमा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन।
- पुर्ण खोप निरन्तरता खोप कार्यक्रम सुक्ष्म योजना तयारी।
- ११६ जनालाई निःशुल्क गर्भपतन सेवाको प्रदान।
- सामुदायिक महिला स्वास्थ्य र पोषण स्वास्थ्य स्वयमसेविकलाई अर्धबार्षिक समीक्षा गोष्ठी सम्पन्न।
- सस्थागत सुत्केरी हुन आउने तथा प्रेषण गर्नु पर्ने विरामीको लागि निःशुल्क एम्बुलेन्स कार्यबिधि तयार गरि २७५जनालाई निःशुल्क एम्बुलेन्स सेवा वापत रु १०,००,०००/-प्रदान गरिएको।
- समुदाय स्तरमा स्वास्थ्यआमा समूहहरुमा पोषण ,खोप,महिनावारी,सरसफाई, प्रजनन् स्वास्थ्य कार्यक्रम संचालन।
- कुपोषित बालबालिकाहरुको नाम लिस्ट तयार गरि सम्बन्धित वडामा गाउँपालिककका मा पठाउने गरेको।
- कडा रोगीहरुको सम्बन्धित अस्पतालमा ३० जनालाई सिफारिस गरिएको।
- सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाको लोगो निर्माण गरि उत्कृष्ट सामुदायिक महिला स्वास्थ्य स्वयं सेविका,पोषण स्वयम सेवक स्वस्थ वच्चा र स्वास्थ्य कर्मीहरुलाई नगद रु ५,०००।- सहित सम्मान , सम्माजनक विदाई भएका १ जना सामुदायिक महिला स्वास्थ्य स्वंय सेविकाहरु नगद रु. ५१,०००।- सहित बृहत रुपमा सामुदायिक महिला स्वास्थ्य स्वयं सेविका दिवस कार्यक्रम सम्पन्न।
- "बेनिघाट रोराङको कर्म जेष्ठ नागरिकको सेवा नै हाम्रो धर्म" भन्ने नारासहित जेष्ठ नागरिक घरदैलो कार्यक्रम ३/३ महिनामा नियमित संचालन गरिएको छ १३२५ जनाले प्रत्यक्ष सेवा प्राप्त गरेका छन।
- स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवाको डिजिटल गर्ने उदेश्यको थ ५ वाट स्वास्थ्य संस्थाबाट डिजिटल सेवाको सुरुवात गरिएको मा थप १ गरी ६ वटा स्वास्थ्य संस्थामा सुरु गरिएको छ।
- ४५ जना पोषण स्वास्थ्य स्वयं सेविका छनौट गरि नियमित वृद्धिअनुगमन कार्यक्रम संचालन गरिएको छ मासिक २२०० जना ५वर्ष मुनिका बालबालिकाहरुको पोषण लेखा जोखा
- स्थायी परिवार नियोजन शिविर कार्यक्रम बेनीघाट आधारभुत अस्पतालमा संचालन गरि लाभान्वित १९ जनालाई रु ५००० दरले प्रोत्साहन रकम वितरण।
- १८ वटा विद्यालयहरुमा पोषण,खोप, महिनावारी स्वच्छता तथा व्यक्तिगत सरफाई सम्बन्धी विद्यालयहरुमा स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न।
- त्रिशुली नदि आसपासमा फेला पर्ने व्यवारिसे लास व्यवस्थापन तथा सम्बन्धित स्थानमा पुर्याउन २ जनालाई एम्बुलेन्स सुविधा प्रदान गरिएको छ।

- माहामारी रोकथाम तथा प्राकृतिक प्रकोप र सडक दुर्घटना न्युनिकरण गर्न ५ वटा विद्यालयमा अभिमुखिकरण कार्यक्रम सम्पन्न।

**सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखाबाट सम्पादित मुख्य गतिविधि तथा उपलब्धिहरु**

- सामाजिक सुरक्षा तथा संरक्षण भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण नवीकरण गरिएको।
- सामाजिक सुरक्षा तथा संरक्षण भत्ता त्रैमासिक रुपमा वितरण गरिएको।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहको विवरणहरु रुजु तथा शुद्धीकरण गरी EFT मार्फत् भुक्तानी गरिएको।
- व्यक्तिगत घटना दर्ता सप्ताह अभियान संचालन गरी वडा-वडामा जनचेतना विस्तार गरिएको।
- आवश्यकता अनुसार बैंक, वडा कार्यालय र सम्बन्धित सरोकारवालासँग समन्वय गरी चुस्त, दुरुस्त र व्यवस्थित रुपमा भत्ता वितरण गरिएको।
- बैंकमा EFT मार्फत सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी बैंकिङ समस्या समाधान तथा सहजीकरण गरिएको।
- सामाजिक सुरक्षा तथा संरक्षण भत्ता नयाँ दर्ता तथा नवीकरणका लागी लाभग्राहीहरुको बायोमेट्रिक स्क्यानर डिभाइस १० वटै वडा कार्यालय तथा शाखामा समेत गरेर बायोमेट्रिक भेरिफिकेशन डिभाइस खरिद गरी जडान गरिएको।
- लाभग्राहीहरु समयमा नै नवीकरण गर्न आउनुभएको कारण भत्ता सहज रुपमा र समयमा वितरण गर्न सफल भएको,
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई सहज रुपमा सेवा प्रदान गर्न सफल भएको,
- व्यक्तिगत घटना दर्ता समयमै दर्ता गर्न/गराउन सेवाग्राहीहरुलाई सचेतना भएको, व्यक्तिगत घटना दर्ताको आवश्यकता र महत्वको बारेमा समेत जानकारी भएको,
- व्यक्तिगत घटना दर्ता घटना घटेको ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा गएर दर्ता गराउँदा प्रसूति पोषण भत्ता बापत स्वास्थ्य संस्थाबाट रु.१००० पुरस्कार स्वरुप प्रसूति पोषण भत्ता प्रदान गर्ने नवीनतम कार्यको शुरुवात गरिएको।
- सामाजिक सुरक्षा भत्ता EFT मार्फत लाभग्राहीहरुलाई वितरण गरी सहज रुपमा सेवा प्रदान गर्न सफल भएको,
- सामाजिक सुरक्षा तथा संरक्षण भत्ता नयाँ दर्ता तथा नवीकरणका लागी बायोमेट्रिक स्क्यानर डिभाइस जडान गर्नाले लाभग्राहीहरुका दोहोरोपनाको पहिचान डिभाइस मार्फत सजिलै गर्न सकिने नवीनतम कार्यको शुरुवात गरिएको।

**रोजगार शाखाबाट सम्पादित मुख्य गतिविधि तथा उपलब्धिहरु**

- वडा नं १ देखी वडा नं १० सम्म १२ वटा रोजगारका आयोजनाहरु सम्पन्न गरिएको।
- रोजगारमा संलग्न रहेका बेरोजगार व्यक्तिहरुलाई बैंक खाता मार्फत भुक्तानी गरिएको।
- वडा नं २ मा १ महिने प्लम्बर हेल्पर तालिम सम्पन्न गरिएको।
- १५ जना वैदेशिक रोजगरीमा जानको लागि पुन श्रम स्वीकृति प्रदान गरिएको।
- वडा नं ९ को साजन पुरी वैदेशिक रोजगारमा हृदयघातका कारण मृत्यु भएको र वैदेशिक रोजगार वोर्ड सँग समन्वय गरी उहाँको श्रीमती मन्जु पुरीलाई रु १००००० क्षतिपूर्ती दिलाईएको।

- चालु आर्थिक वर्षमा रोजगारका आयोजना संचालन गर्नको लागि ४६४ जना रोजगार व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गरिएको।
- आर्थिक वर्ष २०७९।०८० मा सम्झौता भई पहिलो किस्ता प्राप्त गरी घर सम्पन्न गरिसकेका र बजेट अभावका कारणले भुक्तानी नभएको वडा नं ६ को ६ वटा घरधुरीलाई अन्तिम किस्ता बापत जम्मा रु १,२०,००० भुक्तानी गरिएको।
- खरको छानो तथा चेपाङ आवास कार्यक्रममा लाभान्वित भएका लाभग्राहीहरुलाई तल झर्नु पर्ने अवस्थाको न्यूनीकरण गर्नको लागि बैकको म्यानेजरसँग समन्वय र सहकार्य गरेर वडा वडा मै गएर खाता खोल्ने प्रबन्ध मिलाईएको।
- खरको छानो र चेपाङ आवास कार्यक्रमको लागि आवश्यक पर्ने स्थायी लेखा नम्बर (PAN) को लागि लाभग्राहीहरुलाई गल्छी जानु पर्ने अवस्थाको न्यूनीकरण गर्नको लागि आफैले कर कार्यालयको हाकिमसंग समन्वय गरेर उहाँहरुको स्थायी लेखा नम्बर वडाहरुमामा उपलब्ध गराईएको।
- चेपाङ आवास कार्यक्रममा लाभान्वित भएका लाभग्राहीहरु सम्झौताको लागि विदुर नुवाकोट जानुपर्ने अवस्थालाई न्यूनीकरण गर्नको लागि शहरी विकास भवन कार्यालय विदुर नुवाकोटको हाकिम सर सँग समन्वय गरी यसै गाउँपालिकको कार्यालयबाट सम्झौता सम्पन्न गरिएको।
- चेपाङ आवास कार्यक्रममा लाभान्वित भएका लाभग्राहीहरुलाई सम्झौता गरी भुक्तानीको प्रबन्ध मिलाईएको।
- खरको छानो कार्यक्रममा लाभान्वित भएका लाभग्राहीहरुलाई सम्झौता गरी भुक्तानी गरिएको।

<u>कृषि विकास शाखाबाट सम्पादित मुख्य गतिविधि तथा उपलब्धिहरु</u>

१. खाद्यान्न बालीको उन्नत बिउ उपयोगमा अनुदान

- ५०% अनुदानमा उन्नत जातका मकैको बिउ - १००७ के.जी. रामपुर कम्पोजिट र ८८७ के.जी. मनकामना - ३ वितरण गरिएको। लाभान्वित जनसङ्ख्याः २७७ जना।
- ५०% अनुदानमा धानको उन्नत बिउ (राम - ११८८ के.जी. र सावित्री - २३६५ के.जी.) वितरण गरिएको। लाभान्वित जनसङ्ख्याः २०० जना।
- उपलब्धिः उन्नत जातको महत्व बुझि यस्ता प्रकारका बिउको उपयोगमा वृद्धि हुँदै आएको पाइएको छ। साथै उन्नत बिउको उपयोगले वर्णशङ्कर (हाइब्रिड) जातको बढ्दो प्रयोगबाट हुने उत्पादनोपरान्त क्षति न्यूनीकरण तथा माटोको उर्वराशक्तिमा आउने ह्रासलाई कम गर्नमा मद्दत पुर्याउँछ।

२. रैथाने बाली उत्पादनमा आधारित अनुदान

- ४ रोपनी वा सोभन्दा बढी क्षेत्रफलमा कोदो खेती गरेका गाउँपालिका भरिका जम्मा ३२२ जना कृषकलाई नगद अनुदान रकम रु. ३,५००।- का दरले वितरण गरिएको।
- उपलब्धिः खेती प्रणालीमा लोप हुँदै गएका तर पौष्टिक तथा वातावरणीय हिसाबले महत्वपूर्ण रहेका रैथाने बालीको संरक्षण तथा सम्बर्धनमा कृषकलाई थप प्रोत्साहन मिलेको छ।

३. चेपाङ उत्थान कार्यक्रम - आय आर्जन वृद्धि तथा पोषण सुधारका लागि कृषि कार्यक्रम

- करेसाबारी स्थापना सम्बन्धी तालीम सञ्चालन गरी सिजन अनुसारको तरकारीको बिउ (करेला, बोडी, सिमी, धँनिया, लौका, काँक्रो, घिरौंला, फर्सि, गोलभेंडा, चुकन्दर, भिण्डी) र कृषि सामग्री (ई.एम्. झोल र प्लाष्टिक हजारी) वितरण संगै करेसाबारी स्थापनाका लागि आवश्यक सहजीकरण गरिएको।
- दिवा खाजामा कन्दमुलको समावेश सम्बन्धमा सामुदायिक विद्यालयमा अभिमुखिकरण कार्यक्रमका साथै कन्दमुलको बिउ/बिरुवा रोपण गरिएको।
- लाभान्वित समूह/जनसङ्ख्याः स्वास्थ्य आमा समूह, चेपाङ समुदाय, सामुदायिक विद्यालय, ६३३ जना।
- उपलब्धिः हरिया तथा ताजा तरकारीका लागि करेसाबारीको स्थापना गर्न थाल्नुका साथै दैनिक खाने खानामा रैथाने बालीको प्रयोग गर्नुपर्ने कुरामा सचेत भएका छन्।

**४. चेपाङ समुदायको उत्थानका लागि चिउरी र चमेरो संरक्षण कार्यक्रम**

- सामुदायिक वन, सामुदायिक विद्यालय, निजी जग्गा/फर्ममा ५,८५१ वटा बिजु तथा ५०० वटा कलमी बिरुवा वृक्षरोपण गरिएको।
- बिरुवा संरक्षणका लागि ३७५ वटा स्थायी ट्रि-गार्ड निर्माण गरी बिरुवालाई संरक्षण गरिएको।
- गाउँपालिका क्षेत्रभित्र उत्पादन भएको चिउरीको सुकेको बियाँ प्रति के.जी. रु. ५०।- का दरले ४०२ के.जी. खरिद गरिएको।
- बेनीघाट रोराङ गाउँपालिका र गजुरी गाउँपालिकाको संयुक्त आयोजनामा रेडियो मार्फत् "चेपाङ, चिउरी र चमेरो संवाद" लगायत अन्य विभिन्न रेडियो कार्यक्रमद्वारा चिउरी प्रवर्धन र चमेरो संरक्षणका लागि बृहत प्रचार प्रसार कार्यक्रम सम्पन्न गरिएको।
- चिउरी प्रवर्धन र चमेरो संरक्षण सम्बन्धमा आधारभुत विद्यालय स्तरीय (बाल/ईको क्लब लक्षित) नाटक सम्पन्न गरिएको।
- सामुदायिक वन, चेपाङ तथा अन्य समुदायमा समेत चिउरी र चमेरो संरक्षणको आवश्यकता र महत्व सम्बन्धी विविध सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको।
- आ.व. २०८०/८१ मा चिउरी स्वयम्सेवकको रुपमा अस्थायी ज्यालादारीमा नियुक्त गरिएको व्यक्तिलाई यस आ.व. २०८१/८२ मा पनि २०८१ चैत्र देखि चिउरी प्रवर्धकको रुपमा अस्थायी ज्यालादारीमा नियुक्त गरी चेपाङ लगायत अन्य समुदाय, सामुदायिक वन लगायत विभिन्न स्थानमा विविध सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, नर्सरी स्थापना तथा व्यवस्थापन गर्ने लगायत यस कार्यक्रम सञ्चालनमा सहजिकरण गर्ने कार्यमा संलग्न गराइएको।
- उपलब्धिः आम जनमानसमा चिउरी संरक्षण र पर्यावरणीय सन्तुलनका लागि चमेरोको महत्व र आवश्यकताबारे ज्ञान बढेको छ।
- चमेरोको उपयोगबाट मानव स्वास्थ्य र वातावरण पर्न सक्ने नकारात्मक असरबारे कृषक जानकार भएका छन्।

**५. कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बिउ बैङ्क सुदृढिकरण**

- वडा नं. १, २, ६, ८, ९ र १० मा गरी जम्मा १० वटा कृषक समूह/कृषि सहकारी संस्थामा कृषि जैविक विविधता संरक्षण सम्बन्धी १ दिने अभिमुखिकरण तालीम सञ्चालन गरिएको।
- लाभान्वित जनसङ्ख्याः ३४९ जना।

- वडा नं. ९, चौकीटारमा सञ्चालनमा रहेको सामुदायिक बिउ बैङ्कमा आवश्यक मर्मत सम्भार तथा स्थानीय जातका बिउ, बिउ भण्डारण गर्ने सुरक्षित भाँडा खरिद तथा १०० वटा तरुलको बिरुवा रोपण कार्य सामुहिक रुपमा सम्पन्न गरिएको।
- लाभान्वित जनसङ्ख्याः ३८० जना।
- उपलब्धिः समुदायस्तरमा उपलब्ध भएका यस क्षेत्रभित्र उत्पादन सफल भएका विभिन्न रैथाने बालीको बिउ संरक्षण गर्न सामुदायिक बिउ बैङ्क लागिपरेको छ।

**किसान सूचिकरण कार्यक्रम**

- नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तयार गरेको राष्ट्रिय स्तरको सफ्टवेयर मार्फत् वडा नं. ४, ९ र १० मा क्रमशः ४६३, ६१५ र ८०३ कृषक घरपरिवारको डाटा सङ्कलन गरिएको।
- वडा कार्यालयको सिफारिसमा वडा नं. ४ मा २ जना र वडा नं. ९ र १० मा ३/३ जना गणक छनोट तथा नियुक्ति गरी डाटा सङ्कलन सम्बन्धी १/१ दिने पालिका स्तरीय तथा वडा स्तरीय अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको।
- वडा समितिद्वारा गणकलाई कार्यक्षेत्र/टोल तोकी डाटा सङ्कलन कार्य सञ्चालन गरिएको।
- डाटा सङ्कलन पश्चात् वडा समितिबाट कृषकको घरधुरी तथा कृषक नामावली प्रमाणिकरण गरिएको।
- उपलब्धिः वडा नं. ४, ९ र १० का करिब सबै घरधुरी राष्ट्रिय स्तरको सफ्टवेयरमा आवद्ध भएका छन्।

**७. कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अध्यावधिक कार्यक्रम**

- नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तयार गरेको सफ्टवेयर मार्फत् सोही मन्त्रालयबाट छनोट गरिएका वडा २, ८ र १० अन्तर्गत वडा नं. १० का लागि तोकिएको Enumeration Area मा डाटा सङ्कलन गरिएको।
- Enumeration Area भित्र समावेश ११५ घरधुरीको तथ्याङ्क सङ्कलन गरिएको।
- उपलब्धिः मन्त्रालयलाई आधिकारिक डाटा उपलब्ध भएको।

**८. फलफूल प्रवर्धन कार्यक्रम, बेनीघाट रोराङ - ९**

- खड्का गाउँ साना सिंचाइ आयोजना कार्यान्वयन गरिएको।
- आँप - अम्रपाली - ४३० वटा, लिची - शाही - ९९७ वटा, रुखकटहर - भियतनामी - ६१५ वटा र अम्बा - ताइवानी - २२७ वटा ५०% अनुदानमा वितरण गरिएको।
- लाभान्वित जनसङ्ख्याः ६८ जना।
- उपलब्धिः फलफूलको क्षेत्र विस्तार हुँदै गएको र उक्त स्थानमा विद्यमान रहेको सिंचाइको समस्या समाधानमा टेवा पुगेको।

**९. फलफूल (सुन्तला) प्रवर्धन कार्यक्रम, बेनीघाट रोराङ ६, ९ र १०**

- वडा नं. ६ मा बिजु - स्क्रिनहाउस बाहिर - ४०९ वटा वितरण गरिएको।
- लाभान्वित जनसङ्ख्याः १६ जना।

- वडा नं. ९ मा बिजु - स्क्रिनहाउस बाहिर - १६० वटा र कलमी - स्क्रिनहाउस भित्र - १४७ वटा वितरण गरिएको।
- लाभान्वित जनसङ्ख्याः ११ जना।
- वडा नं. १० मा बिजु - स्क्रिनहाउस बाहिर - १२४२ वटा, स्क्रिनहाउस भित्र - २७० वटा, कलमी - स्क्रिनहाउस बाहिर - १८३६ वटा र स्क्रिनहाउस भित्र - ४५० वटा वितरण गरिएको।
  - लाभान्वित जनसङ्ख्याः ४५ जना।
- उपलब्धिः सुन्तलाको क्षेत्र विस्तार हुँदै गएको र आगामी वर्षमा उत्पादकत्वमा वृद्धि हुनेछ।

बाली उपचार शिविर

- वडा अन्तर्गत तोकिएको एक ठाउँमा कृषकले ल्याउनुभएको रोगी बिरुवाको नमूना हेरी रोग किरा पहिचान गरी समाधानका उपाय सहित विषादीको सुरक्षित प्रयोग सम्बन्धी जानकारी सहित सुरक्षित विषादी वितरण गरिएको।
- लाभान्वित जनसङ्ख्याः २९७ जना।
- उपलब्धिः बालीनालीमा रोग/कीरा देखिनासाथ विषादीको प्रयोग नगर्ने, बालीको नियमित निरिक्षण गर्ने र रोग कीराको प्रकोप बढि भएमा मात्र सुरक्षित किसिमको बिषादीको प्रयोग गर्ने र बानीको विकास हुन थालेको छ।

दाँते ओखर खेती प्रवर्धन

- वडा नं. १, सुन्दरनाँगी, बाँसखर्कमा १,५०० वटा विरुवा रोपण गरिएको।
- पहिला खेती नगरिएको बालीको introduction भएको।
- लाभान्वित जनसङ्ख्याः ९३ जना।
- उपलब्धिः स्थान विशेष हावापानीको उचित सदुपयोग भएको।

मागमा आधारित तालीम

- वडा नं. २, ५, ७ का ५ वटा कृषक समूहमा तरकारी खेती सम्बन्धी तथा वडा नं. १० को १ वटा कृषक समूहमा सुन्तला खेती सम्बन्धी तालीम सञ्चालन गरिएको।
- उपलब्धिः बिरुवा राख्दा माटो उपचार गर्ने, विषादी प्रयोग गर्नुभन्दा पहिले बालीको निरिक्षण गर्नेजस्ता बानीको विकास हुँदै आएको छ।

चिया खेती संरक्षण तथा विस्तार (वडा नं. १)

- उपभोक्ता समितिको मातहतमा २००० वटा नयाँ बिरुवा रोपण गरिएको।
- पूराना ४००० वटा बिरुवामा मलखाद व्यवस्थापन तथा गोडमेल गरिएको।
- उपलब्धिः चिया खेतीलाई पर्यटन व्यवसायसंग जोड्नका लागि सञ्चालनमा ल्याइएको यस कार्यक्रमबाट बिना उत्पादन खेर गएका सार्वजनिक जग्गा तथा उक्त ठाउँमा उपलब्ध हावापानीको सहि सदुपयोग हुनुका साथै वरपरको वातावरण सौहार्दपूर्ण बन्न पुगेको छ।

लवाङ कोदो पकेट क्षेत्र (वडा नं. १)

- कोदो चुट्ने मेशिन - २ वटा (5.5 HP, Diesel engine), कोदो पिस्ने मिल - २ वटा ५०% अनुदानमा वितरण गरिएको।
- उपलब्धिः कोदो उत्पादन हुने क्षेत्रमा कोदो भित्र्याउनका लागि यस्ता सामग्रीको उचित प्रयोग भएको छ।

१५. लागत साझेदारीमा व्यवसायिक तरकारी खेती कार्यक्रम (वडा नं. २)

- ११ वटा कृषक समूहका सदस्यलाई ४००० के.जी कार्डिनल जातको आलुको बिउ (उन्नत) वितरण गरिएको।
- बिउ वितरण संगै आलुको उन्नत खेती प्रविधि, रोग कीरा व्यवस्थापन, भण्डारण, उत्पादनोपरान्त हुने क्षति न्यूनीरकण लगायतका विषयमा सैद्धान्तिक ज्ञान प्रदान गरिएको।
- लाभान्वित जनसङ्ख्याः २२० जना।
- उपलब्धिः उन्नत बिउको प्रतिस्थापन दर २०-२५% ले वृद्धि भएको।

१६. पञ्चकन्या आमा समूहमा मौरीपालन अनुदान (वडा नं. २)

- मौरीपालन सम्बन्धी १ दिने तालीम सञ्चालन गरिएको।
- ५०% अनुदानमा ३० वटा गोला सहितको मौरीको घार वितरण गरिएको।
- १००% अनुदानमा १/१ थान क्विन गेट, स्टयाण्ड, B-Veil टोपी वितरण गरिएको।
- लाभान्वित जनसङ्ख्याः १५ जना।
- उपलब्धिः मौरीपालन व्यवसाय सुरुवात गरी स्व-आर्जनमा टेवा पुगेको।

१७. कुभिण्डो खेती परिकार निर्माण तथा व्यवस्थापन (वडा नं. २)

- खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका वरिष्ठ खाद्य अधिकृतद्वारा २ दिने तालीम सञ्चालन गरिएको।
- पेठा, चाना, मस्यौरा, अचार बनाउने सम्बन्धी सैद्दान्तिक तथा प्रयोगात्मक ज्ञान प्रदान गरिएको।
- लाभान्वित जनसङ्ख्याः ६३ जना।

१८. झिरुवास आमा समूह कुभिण्डो खेती (वडा नं. २)

- कुभिण्डो खेती सम्बन्धी २ दिने तालीम सञ्चालन गरिएको।
- खेती प्रविधि, रोग कीरा व्यस्थापन लगायतका विषयमा छलफल गरी झोल मल - १, २ र ३, कम्पोष्ट मल, बनाउन सिकाइएको।
- लाभान्वित जनसङ्ख्याः २८ जना।
- उपलब्धिः कुभिण्डोको क्षेत्र बिस्तार भएको।

१९. लामपाटा कृषि तथा पशुपन्छी फर्म अनुदान (वडा नं. ३)

- सुन्तलाको बगैंचा विस्तार - २०० वटा बिजु बिरुवा रोपण गरिएको।
- तरकारीको बिउ - टमाटर (सिर्जना), बोडी (प्रकाश) खरिद तथा रोपण गरिएको।
- सिंचाइ पाइप - (२० mm, PN16) खरिद गरिएको।
- विषादी छर्ने ईलेक्ट्रिक स्प्रेयर (2 in 1) खरिद गरिएको।

- उपलब्धिः उर्जावान् र मेहनती कृषक प्रोत्साहनबाट कृषि कार्यमा कृषकलाई थप उर्जा प्रदान भएको।

२०. मौरीपालन अनुदान (वडा नं. ६)

- ५०% अनुदानमा मौरी सहितको घार, खाली घार, मौरी गोला, क्विन गेट, स्ट्याण्ड, B-veil टोपी वितरण गरिएको।
- लाभान्वित जनसङ्ख्याः ४३ जना।
- उपलब्धिः मौरीपालन व्यवसायिको संख्यामा वृद्धि भइ गुणस्तरीय मह उत्पादन हुनुका साथै स्वरोजगार बन्नमा सहयोग पुगेको।

२१. लिची बिरुवा वितरण कार्यक्रम (वडा नं. ६)

- ५०% अनुदानमा २३२७ वटा लिचीको शाही जातको कलमी बिरुवा वितरण गरिएको।
- लाभान्वित जनसङ्ख्याः १२३ जना।
- उपलब्धिः लिचीको क्षेत्र विस्तार हुँदै गएको र आगामी दिनमा उत्पादकत्वमा वृद्धि हुनेछ।

२२. कृषि प्रवर्धन कार्यक्रम (वडा नं. ९)

- ७ वटा हाते ट्र्याक्टर - ७ HP, Diesel engine, २ वटा मकै छोडाउने मेशिन - २ HP, Double tube, Electric र २ वटा कुटानी पिसानी मिल - ३ HP, Copper motor, Electric ५०% अनुदानमा वितरण गरिएको।
- लाभान्वित जनसङ्ख्याः ११ जना।
- उपलब्धिः कृषि कार्यमा सहजता प्रदान भएको।

२३. महाकाली मौरी फर्म अनुदान

- ५०% लागत साझेदारीमा गोला सहितको मौरी घार, धुवाँदानी, मह मदानी, स्ट्याण्ड, B-veil टोपी, क्वीन गेट वितरण गरिएको।
- उपलब्धिः नमूना फर्म स्थापनाका लागि थप प्रोत्साहन मिलेको।

२४. वन समूहमा कम्पोष्ट मल बनाउने सम्बन्धी तालीम

- बर्षेनी सुख्खा याममा वन डढेलोको कारण चरा चुरुङ्गी, जीव जन्तु, वनस्पती लगायत मानवीय क्षतिका घटना भैरहेकोले वन डढेलो जोखिम न्यूनीकरण र डढेलो नियन्त्रणका लागि वन समूह/वन उपभोक्ता समितसंगको सहकार्यमा वनभित्रका सुख्खा पातपतिङ्गर सङ्कलन गरी कम्पोष्ट मल बनाइएको।
- उद्देश्यः वन जङ्गलको सरसफाई, वन्यजन्तु/वनस्पतीको संरक्षण, रुख बिरुवालाई मलखादको व्यवस्थापन गर्नु।
- वडा नं. २, ५, ७, ९ र १० का जम्मा ६ वटा सामुदायिक वन समूहमा कार्यक्रम सञ्चालन गरिएको।
- उपलब्धिः वन जङ्गलको सरसफाई भएको, आगलागीबाट संरक्षण सकिएको वन्यजन्तु/वनस्पतीको संरक्षण भएको, पत्करको सहि सदुपयोग भएको र रुख बिरुवालाई मलखादको व्यवस्थापन गर्न सहज भएको।

## पशु सेवा शाखाबाट सम्पादित मुख्य गतिविधि तथा उपलब्धिहरु

### १) निःशुल्क पशु स्वास्थ्य शिविर सञ्चालन

- उपलब्धिः पशु सेवा शाखा र पशु सेवा केन्द्रबाट टाढा रहेको वडा नं.-१, ४, ६, ८ र १० मा १ दिने निःशुल्क पशु स्वास्थ्य शिविर सञ्चालन गरी ५२१ जना कृषकलाई औषधी वितरण, पशुको उपचार, रेविज विरुद्धको खोप तथा परामर्श सेवा प्रदान गरिएको छ।

### २) सामुदायिक कुकुरमा रेविज विरुद्धको खोप तथा बन्ध्याकरण शिविर कार्यक्रम

- उपलब्धिः सामुदायिक कुकुरको संख्या नियन्त्रण गरी प्राण घातक रेविज रोग र कुकुरबाट हुने सडक दुर्घटना न्यूनीकरण गर्न १०८ वटा पोथी र १५० वटा भाले कुकुरमा स्थायी बन्ध्याकरण गरी रेविज विरुद्धको खोप लगाइएको छ।

### ३) पन्छी प्रवर्द्धन कार्यक्रम (लोकल कुखुरा), बेनीघाट रोराङ-३

- उपलब्धिः वडा नं.३ का कृषक समूहका २ जना सदस्य र ५ वटा कृषि तथा पशुपंक्षी फार्मलाई लोकल कुखुराको खोर निर्माण गर्न प्राविधिक इस्टिमेटको ८० % अनुदान उपलब्ध गराइएको र ८ हसे लोकल कुखुराको १५०० चल्ला ५०% अनुदानमा वितरण गरियो र एक दिने लोकल कुखुरा पालन सम्बन्धी तालिम वडा नं.-३ को कार्यालयमा सञ्चालन गरियो।

## महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाबाट सम्पादित मुख्य गतिविधि तथा उपलब्धिहरु

### १. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान

- विद्यालय स्तरदेखी समुदायस्तरसम्म लैङ्गिक हिंसा विरुद्धको जनचेतना जगाउन सफल भएको।
- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको पहिलो दिन बे.रो.गा.पा ७ चरौंदीम दिप प्रज्वलन कार्यक्रम सम्पन्न।
- विद्यालयस्तरमा लैङ्गिक हिंसा विरुद्ध लेख तयार गरी कक्षा संचालनको लागि निर्देशन।
- वडास्तरमा लैङ्गिक हिंसा विरुद्ध सचेतनाको लागि भर्चुअल माध्यमबाट अभिमुखिकरण कार्यक्रम सम्पन्न।
- पालिका परिसरमा स्वास्थ्य दिवसको अवसरमा वृहत प्रभातफेरी कार्यक्रम सम्पन्न।
- मा.वि स्तरीय निबन्धलेखन प्रतियोगिता सम्पन्न।
- वडा स्तरमा भएको लैङ्गिक हिंसा विरुद्धको सचेतनामुलक कार्यक्रमको समिक्षा तथा निवब्ध लेखन प्रतियोगितामा प्रथम, द्धितिय, तृतिय र सान्त्वना स्थान हासिल गर्न सफल विद्यार्थीहरुलाई पुरस्कार वितरण कार्यक्रम गरी समापन गरिएको।

### २. अपाङ्गता भएका व्यक्तीहरुका लागि समुदायमा आधारित पूनर्स्थापना कार्यक्रम

- बेनीघाट रोराङ गाउँपालिका भित्र बसोबास गर्ने ग र घ वर्गका अपाङ्गता परिचय पत्र प्राप्त २० जना व्यक्तिहरुलाई सहज जिवनयापनको लागि १ दिने अपाङ्गगता सम्बन्धी सचेतनामुलक कार्यक्रम र २ दिने व्यवसायिक मौरी पालन तालिम प्रदान गरियो।
- उक्त तालिम लिएका व्यक्तिहरुलाई सतिव्यक्ती १/१ वटा गोला सहितको मौरीको घार, स्टयाण्ड , क्वीनगेट, पन्जा र घुम्टी वितरण गरिएको छ।

### ३. दिवसिय कार्यक्रम

- अन्तराष्ट्रिय महिला दिवसको अवसरमा सम्पूर्ण जनप्रतिनिधी, पार्टी प्रतिनिधी, स्वास्थ्य आमा समूह, महिला समूह लागयत सम्पूर्ण महिला समूहका प्रतिनिधी, विषयगत शाखा प्रमुखहरु, वडा सचिवहरु, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, विद्यालयका शिक्षक, विद्यार्थी भाइबहिनीहरुको उपस्थितिमा १ दिने पालिकासँग महिलाका कुरा विषयक अन्तर्क्रिया कार्यक्र सम्पन्न भएको छ।

### ४. बालमैत्री स्थानीय तह घोषणा कार्यक्रम

- बेनीघाट रोराङ गाउँपालिकाको सम्पूर्ण जनप्रतिनिधी, विद्यालय व्यवस्थापन समितिको अध्यक्ष, प्रधानाध्यापक, शाखा प्रमुख, वडा सचिव, स्वास्थ्य संस्था प्रमुख, फोकल शिक्षक, स्वास्थ्य स्वयम् सेविका, संघ संस्था प्रतिनिधीहरुको उपस्थितिमा वृहत अभिमुखिकरण कार्यक्रम मिति २०८१/१२/१९ गते सम्पन्न भएको छ।

### ५. गृहिणी महिला सशक्तीकरण कार्यक्रम

- बे.रो.गा.पा वडा नं १ देखी १० सम्मका स्वास्थ्य आमा समूह, आमा समूहमा आवद्ध १०५६ जना सहभागीहरुलाई अभिमुखिकरण कार्यक्रम र कानूनी शिक्षा, क्षमता विकास गरिएको छ।
- बुहारी लक्षित ३९० कार्यघण्टाको आधारभूत व्यूटीशियन तालिम २० जनामा सम्पन्न

- बे.रो.गा.पा वडा नं ४ को ५० जना गृहिणी महिलाहरुलाई ३ दिने व्यवसायिक मौरी पालन तलिम प्रदान गरी विउ पूँजीको रुपमा प्रतिव्यक्ति १/१ वटा गोला सहितको मौरीको घार, स्टयाण्ड, क्वीनगेट, घुम्टी र पंजा हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ।
- बे.रो. गा.पा वडा नं १० को २८ जना गृहिणी महिलाहरुलाई ३ दिने व्यवसायिक बाख्रा पालन तालिम प्रदान गरी प्रतिव्यक्ती १/१ वटा उन्नत जातको बाख्राको पाठी र १ वटा ब्याड बोका हस्तान्तरण गरिएको छ।
- बे.रो.गा.पा वडा नं २ को २५ जना गृहिणी महिलाहरुलाई साबुन तथा सरफ बनाउने सम्बन्धी ५ दिने तालिम सम्पन्न भएको छ। उक्त तालिम पश्चात तालिममा उत्पादन गरिएका सामाग्रीहरु विउ पूजीको रुपमा हस्तान्तरण गरिएको छ।

६. घरेलु महिला उद्यमशिला कार्यक्रम

- बे.रो.गा.पा. वडा नं ६ स्यादुलको लागिगुराँस आमा समूहमा बाख्रा प्रवर्द्धन कार्यक्रमको लागि रु. ५,००,०००/- अनुदान दिइएको।
- बे.रो.गा.पा. वडा नं १० गोइराङको गोइराङ सूर्यमुखी आमा समूहमा बाख्रा प्रवर्द्धन कार्यक्रमको लागि रु. ३,००,०००/- अनुदान दिइएको।
- बे.रो.गा.पा. वडा नं १० नेपालडाँडाको प्रगतिशिल आमा समूहमा बाख्रा प्रवर्द्धन कार्यक्रमको लागि रु. ३,००,०००/- अनुदान दिइएको।

७. बाबुआमा विहिन बालबालिका संरक्षण कार्यक्रम

- बाबु आमा विहीन बालबालिका संरक्षण कार्यक्रम अन्तर्गत यस गाउँपालिकाभित्र स्थायी रुपमा बसोबास गर्ने २२ जना बाबुनानीहरुको संरक्षण र पठनपाठनको लागि सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम सम्पन्न भएको छ।

८. *वित्तीय साक्षरता कार्यक्रम*

- आ.व. २०८१/०८२ मा स्वास्थ्य आमा समूह, आमा समूहहरुमा १० वटै वडामा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरिएको छ।

९. अपाङगता परिचयपत्र र ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यक्रम

- शाखाको नियमित कार्य अन्तर्गत आ.व २०८१/०८२ मा १६० वटा ज्येष्ठ नागरिक परिचयपत्र र "क" वर्गको अपाङ्गता परिचय पत्र २ वटा "ख"वर्गको ११, "ग" वर्गको २ वटा, र "घ" वर्गको २ वटा गरी जम्मा १७ वटा अपाङ्गता परिचयपत्र ववितरण कार्यक्रम सम्पन्न भएको छ।

उद्यम विकास शाखाबाट सम्पादित मुख्य गतिविधि तथा उपलब्धिहरु

- बेनीघाट रोराङ गाउँपालिका वडा नं. ३ पाङ्ग्राजिपमा वडा स्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न गरी घरधुरी सर्वेक्षण कार्यक्रम सम्पन्न गरिएको छ।
- उक्त सर्वेक्षणबाट छनौट भएका २२ जना नयाँ लघु उद्यमीहरुलाई 8 दिने उद्यमशीलता विकास तालिम सम्पन्न गरिएको छ।
- तत्पश्चात 3 दिने व्यवसायिक बाख्रा पालन तालिम सम्पन्न गरिएको छ।

- बाख्रा पालन तालिम लिएका २२ जना नयाँ लघु उद्यमीहरुलाई वित्तीय साक्षरता तालिम र व्यवसायिक परामर्शको लागि यस गाउँ
- बाख्रा पालन तालिम लिएका २२ जना नयाँ लघु उद्यमीहरुलाई वित्तीय साक्षरता तालिम र व्यवसायिक परामर्शको लागि यस गाउँपालिकाले संचालन गरेको नमुना बाख्रा फार्ममा लघु भ्रमण सम्पन्न गरिएको छ।
- प्रतिव्यक्ती १/१ वटा उन्नत जातको बाख्राको पाठी र १ वटा उन्नत जातको ब्याड बोका हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ।

**यिक समितिबाट सम्पादित मुख्य गतिविधि तथा उपलब्धिहरु**

- धादिङ जिल्ला अदालतका मा.न्यायधिसहरुद्धारा वडा नं. २ श्री पिपल भञ्याङ मा.वि. को हलमा बालविवाह तथा लागु औषध, दुर्व्यसनी विरुद्ध सचेतनामुलक समुदायमा अदालत कार्यक्रम सम्पन्न भएका केही झलकहरु
- "सामुदायिक मेलमिलापकर्ताहरुको क्षमता विकास सम्बन्धी २ दिने पूनर्ताजगी तालिम" बेनीघाट रोराङ गाउँपालिकाको सभाहलमा सम्पन्न भएका कार्यक्रमका केही झलकहरु

**. स्थानीय तहले अनुभूत गरेका प्रमुख समस्याहरु (बढीमा ५ वटा)**

- संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरुमा दोहोरोपना
- राजश्व परिचालन तथा व्यवस्थापनमा अव्यवहारिक कानुनले गर्दा स्थानीय तहको आन्तरिक स्रोत वृद्धि हुन नसकेको।
- स्थानीय तहका कर्मचारीको सरुवाका कारण सेवा प्रवाहमा कठिनाई।
- जनप्रतिनिधि तथा कर्मचारीहरुमा व्यवसायिक दक्षताको अभिवृद्धिको क्रममा रहेको।
- स्थानीय तहबाट निर्माण गरिएका ऐन, कानुन तथा निर्णयहरुलाई माथिल्ला सरकारहरुले मान्यता नदिने गरेको।

# आ.व.२०८१/०८२ को वार्षिक प्रगती समीक्षा कार्यक्रमका झलकहरु




कार्यक्रमको ब्यानर



कृष्ण बहादुर थपलिया (विवेक)
अध्यक्ष



टाप बहादुर श्रेष्ठ
उपाध्यक्ष



रामबाबु पौडेल
ुख प्रशासकीय अधिकृत



परशुराम घिमिरे
योजना तथा प्रशासन शाखा प्रमुख



बोधराज पाठक
गाउँ शिक्षा अधिकारी



सन्तोष अर्याल
र्थिक प्रशासन शाखा प्रमुख



रमेशराज अर्याल
जन स्वास्थ्य निरीक्षक



प्रकाश सिलवाल
पूर्वाधार विकास शाखा प्रमुख



अर्चिता उप्रेती श्रेष्ठ
कार्यकारी निर्देशक
रोराङ खानेपानी व्यवस्थापन बोर्ड



विकास खनाल
कृषि विकास शाखा प्रमुख



सोनाली कर्ण
पशु सेवा शाखा प्रमुख



ुदिप भण्डारी
जगार संयोजक



गायत्री विसुराल
एम.आई.एस. अपरेटर



मणिराज गुरुङ
वन वातावरण तथा विपद्
व्यवस्थापन र सहकारी शाखा प्रमुख



निर्जला मगर
बालबालिका तथा जेष्ठ
क शाखा र लघु उद्यम
कास शाखा प्रमुख



सरिस्मा विसुराल
न्यायिक सहजकर्ता

## वडा नं. १ देखि १० सम्मका वडा सचिवहरु क्रमशः












समीक्षा कार्यक्रममा उपस्थित सहभागीहरु
(वडा सचिव, प्राविधिक, स्वास्थ्य लगायतका सम्पूर्ण कर्मचारी र जनप्रतिनिधि)







बेनीघाट रोराङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विशालटार, धादिङ
बागमती प्रदेश, नेपाल